# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# शिक्षा,युवा तथा खेलकूद शाखा
जामुनबारी,झापा
१नं. प्रदेश,नेपाल

☎ ०२३-४०११५५(६११)

प.सं.:२०७४/०७५
च.नं.:

मिति :२०७५।०२।२१

विषय :–माध्यमिक तह कक्षा ११(एघार)को अनुमति र विषय थप सम्बन्धी सूचना ।

सम्बन्धित माध्यमिक विद्यालयहरु
कनकाई न.पा.,झापा ।

कनकाई नगरपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरु मध्ये शैक्षिक सत्र २०७५।०७६ देखि कक्षा ११(एघार) सञ्चालन र कक्षा ११ मा विषय थप गर्न चाहने विद्यालयहरुले मिति २०७५।०३।२० गते भित्र निम्नानुसार हुने गरी निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. कक्षा थप गर्न चाहने विद्यालयहरुले नगरपालिकामा रु.१०,०००।–जम्मा गरेको भौचर सहित यस शाखाबाट ३ प्रति निवेदन फाराम बुझी उक्त फाराममा उल्लेख भएका विवरणहरु भरी भराई विवरणमा उल्लेख भए बमोजिम त्यसलाई प्रमाणित गर्ने कागजातहरु फायलमा राखी १ प्रति पेश गर्ने । अर्को एक प्रति वडा कार्यालयमा पेश गर्ने र १ प्रति विद्यालयमा राख्ने ।

२. विषय थप गर्न चाहने विद्यालयहरुले राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७५ लाई आधार मानी सोही बमोजिम विषय थप गर्नु पर्ने आधारहरुलाई पुष्टि गर्ने विवरण,कागजात,निर्णय र विगतका अनुमति पत्र संलग्न गरी २ प्रति फायल खडा गरी पेश गर्ने । विषय थप भएमा मात्र त्यस्तो विद्यालयलाई प्रति विषय रु.५,०००।– सेवा शुल्क लिइने छ ।

हरिप्रसाद मिश्र
शिक्षा अधिकृत